# नेपालमा वन क्षेत्रको सुशासनमा सामुदायिक वन मार्गदर्शनको प्रभाव

✍ भोला खतिवडा[१], विष्णुहरि पौड्याल[२],सरोजकुमार पाण्डे[३]

## १. विषय प्रवेश

हाल सामुदायिक वन विकास कार्यक्रम नेपालको पहिचान भएको छ। नेपालको धेरै भूभाग उजाड भइसकेको अवस्थामा स्थानीय समुदायलाई जिम्मेवार बनाई वन क्षेत्रको संरक्षण गर्ने अभिप्रायका साथ सामुदायिक वन कार्यक्रम सुरुआत भएको हो। वन विकास गुरुयोजनाले निर्दिष्ट गरे अनुसार वन ऐन, २०४९ तयार गरी वन नियमावली, २०५१ कार्यान्वयनमा आइसकेको छ। वन विकास गुरुयोजना, वन ऐन तथा नियमावलीको मर्म अनुसार सामुदायिक वन कार्यक्रमलाई अभियानका रूपमा विस्तार गर्न मार्गदर्शनको आवश्यकता महसुस भयो। फलस्वरूप वन विभागले सामुदायिक वन कार्यक्रमको मार्गदर्शन २०५२ तयार गर्‍यो। उक्त मार्गदर्शनलाई वि.सं. २०५८ सालमा पहिलो पटक परिमार्जन गरिएको थियो भने दोस्रो परिमार्जन २०६५ सालमा गरियो। वि.सं. २०६५ मा बनेको दोस्रो परिमार्जित मार्गदर्शनमा केही बुँदाहरू थप गरी २०७१ को नयाँ संस्करण समेत प्रकाशन भइसकेको छ। मार्गदर्शनका पछिल्ला दुई संस्करणहरू मन्त्रीस्तरबाटै पारित गरिएको छ।

वि. सं. २०५२ सालमा तयार भएको मार्गदर्शन सुरुआतमा वन कर्मचारीको लागि तयार गरिएको थियो भने पहिलो परिमार्जन २०५८ चाहिँ सहजकर्ताका लागि तयार गरिएको थियो। त्यसैगरी २०६५ को दोस्रो परिमार्जन सरोकारवालाहरूका लागि भनी तयार गरिएको थियो। हुनत वि. सं. २०६५ सालमा दोस्रो परिमार्जन गरेको मार्गदर्शनमा केही बुँदाहरू थप गरी २०७१ सालमा अर्को संस्करण समेत तयार भईसकेको छ। यसमा भने मार्गदर्शन कसका लागि तयार गरिएको हो भन्ने कुरा उल्लेख गरिएको छैन। मार्गदर्शनको तयारी प्रक्रिया, विषयवस्तु तथा सामाजिक रूपान्तरणका विषयहरूलाई मध्यनजर गर्दा वि. सं. २०६५ को दोस्रो परिमार्जित मार्गदर्शन लामो समय लगाएर र धेरैको सहभागिताबाट बनेको देखिन्छ। यस मार्गदर्शनका विषयवस्तुहरू समेत सामुदायिक वनलाई रूपान्तरित र सुशासनतर्फ अगाडिबढाउने खालको छ।

पछिल्ला मार्गदर्शनमा राखिएका विषयवस्तुहरूले सामुदायिक वन उपभोक्ता समूहहरूलाई अधिकारका विषयमा मात्र केन्द्रित नभई वन स्रोत तथा समुदाय दुवैतर्फ कसरी बढी जिम्मेवार बनाउने भन्ने कुरामा जोड दिएको पाइन्छ। यही मार्गदर्शनमा उल्लेख गरिएका प्रावधानका कारण वन समूहहरूले आफ्नो कोषको कम्तीमा ३५ प्रतिशत आम्दानी विपन्न केन्द्रित कार्यक्रममा खर्च गर्नुपर्ने सैद्धान्तिक निर्णयहरू वन समूहको साधारण सभामा हुने गरेका छन्। यसको एक उदाहरण सामुदायिक वनको प्रतिनिधिमूलक सङ्गठन सामुदायिक वन महासङ्घको विधानमा नैं अध्यक्ष र महासचिव मध्ये एक जना महिला हुनुपर्ने व्यवस्था गरिएको छ। साथै यही मार्गदर्शनका कारण महिला तथा विपन्नको पहुँचका विषयहरू बहसको विषय बन्दै आएका छन्।

यस लेखमा मार्गदर्शनको विकासक्रम, यसले सामुदायिक वनमा परेको प्रभाव, सबैभन्दा प्रक्रियागत तवरले तयार गरिएको दोस्रो परिमार्जित मार्गदर्शनको चिरफार र यसको कार्यान्वयनमा देखिएको प्रभाव, र यसले समेट्न नसकेका विषयहका बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ। यो लेख मार्गदर्शनको दोस्रो परिमार्जन गर्ने क्रममा संलग्न हुँदा भएको अनुभव,

---

१ लेखक वन सहजकर्ता सञ्जाल (कफ्सन नेपाल) का केन्द्रीय अध्यक्ष हुन्।

२ लेखक जनता र वनका लागि केन्द्र (रिकफ्ट) नेपालका संयोजक हुन्।

३ लेखक वन सहजकर्ता सञ्जाल (कफ्सन नेपाल) का केन्द्रीय उपाध्यक्ष हुन्।

तथा यस मार्गदर्शनका प्रावधानहरू कार्यान्वयनमा संलग्न हुने समूहहहरूको अनुभूतिको आधारमा तयार गरिएको हो ।

## २. सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५ (दोस्रो परिमार्जन)

### २.१ परिमार्जनको प्रक्रिया

**क) परिमार्जनको आवश्यकता महसुस :** हरेक पाँच वर्षमा हुने गरेको सामुदायिक वन राष्ट्रिय गोष्ठी वि. सं २०६१ सालमा पनि सम्पन्न भयो । यस सालको गोष्ठी क्रमबद्धताको हिसाबले चौथो थियो । सो गोष्ठीमा सामुदायिक वनका दोस्रो पुस्ताका सवाल (सुशासन, जीविकोपार्जन र दिगो वन व्यवस्थापन) पहिचान गरी तिनीहरुको सम्बोधनका लागि छलफल भएको थियो । त्यसै गोष्ठीमा दोस्रो पुस्ताका सवाल सम्बोधन गर्नका लागि सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन परिमार्जन गर्नुपर्ने आवश्यकता महसुस गरिएको थियो ।

वन विभाग अन्तर्गतको सामुदायिक वन महाशाखाको समन्वयमा नियमित रूपमा सामुदायिक वन अन्तर्क्रिया बैठक बस्ने गर्दथ्यो । सो परम्पराले कुनै न कुनै रूपमा निरन्तरता पाई नै रहेको छ । यस बैठकमा वन क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय, तथा वन क्षेत्रका परियोजनाहरूको सहभागिता हुने गर्दछ । बैठकमा सामुदायिक वनमा देखापरेका सवाल तथा समसामयिक विषयहरूमा छलफल हुने गर्दछ । चौथो राष्ट्रिय गोष्ठीको लगत्तै बसेको सामुदायिक वन अन्तर्क्रिया बैठकमा गोष्ठीका सुझावहरूलाई कार्यान्वयन गर्ने विषयमा छलफल हुँदा मार्गदर्शनलाई परिमार्जन गर्ने निष्कर्ष निस्कियो । परिमार्जन गर्ने प्रक्रिया तथा जिम्मेवारी सहित एक कार्यदल गठन गरिएको थियो । सो कार्यदलको संयोजन वन विभाग अन्तर्गतको सामुदायिक वन महाशाखाबाट गरिएको थियो । कार्यदलमा नेपालको वन क्षेत्रका सरोकारवालाहरूका प्रतिनिधिहरू[४] सम्मिलित एक कार्यदल गठन भएको थियो ।

**कार्यदलमा संलग्नको नामावली**

(क) संयोजक : बलराम कँडेल; (ख) सदस्यहरू: मनबहादुर खड्का, अप्सरा चापागाईं, भोला खतिवडा, कमला शर्मा, रामु सुवेदी, डा. नेत्र तिम्सिना, पदमबहादुर चन्द, दिनेश पौडेल, ब्रह्मध्वज गुरुङ, रामहरि खड्का, पपुलर जेन्टल; (ग) राष्ट्रिय गोष्ठीबाट थप : ऋषिराम त्रिपाठी, राजदेव यादव ।

**ख) तयारी प्रक्रिया :** सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन दोस्रो परिमार्जन कार्यदलले प्राप्त जिम्मेवारीलाई कार्यान्वयन गर्न पटक पटक छलफल गरेको थियो । समुदाय, जिल्ला, क्षेत्रीय र राष्ट्रिय स्तरमा परामर्श गर्ने प्रक्रिया तय गरियो । जस अनुसार समुदाय र जिल्ला स्तरमा परामर्श गरेपछि सोको आधारमा मस्यौदा बनाउने र त्यो मस्यौदामाथि क्षेत्रीय स्तरमा छलफल गरी सुझाव सङ्कलन गर्ने कार्यक्रम निर्धारण गरियो । क्षेत्रीय स्तरको अन्तरक्रियाबाट प्राप्त सुझावलाई समायोजन गरी राष्ट्रियस्तरको परामर्श कार्यक्रम सञ्चालन गर्ने अनि प्राप्त सुझावहरूलाई समायोजन गरी मार्गदर्शन दोस्रो परिमार्जनको अन्तिम दस्तावेज तयार गर्ने प्रक्रिया निर्धारण गरियो ।

**ग) समुदाय स्तरमा परामर्श :** मार्गदर्शन परिमार्जन कार्यदलका सदस्यहरूको विभिन्न टोली बनाई समुदाय तथा जिल्लास्तरमा परामर्श तथा छलफलहरू सञ्चालन गरिएको थियो । जसअनुसार सिन्धुपाल्चोक, दोलखा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, इलाम, मोरङ, सप्तरी, कैलाली, बाँके र सुर्खेत जिल्लाहरूमा समुदायस्तरमा छलफल तथा परामर्शका कार्यक्रमहरू सञ्चालन गरियो । समुदायस्तरमा छलफल गर्दा सामुदायिक वनमा देखापरेका सवाल र सामुदायिक वनले गरेका असल अभ्यास र परेका कठिनाइका बारेमा छलफल गरिएको थियो । उपभोक्ताहरूले मार्गदर्शनमा

४ फेकोफन, हिमवन्ती नेपाल, कफ्सन नेपाल, फरेष्ट एक्सन, केयर नेपाल, तत्कालीन वन क्षेत्रका परियोजनाहरू (जीविकोपार्जनका लागि वन कार्यक्रम, नेपाल-स्विस सामुदायिक वन परियोजना, नेपाल-अस्ट्रेलिया सामुदायिक स्रोत व्यवस्थापन तथा जीविकोपार्जन कार्यक्रम) ।

देख्न चाहेको विषयमा छलफल भएको थियो। कार्यदलले स्थलगत भ्रमण गरेका जिल्लाहरूमध्ये हरेक जिल्लाका दुई तीन वटा समूहहरूमा गई स्थलगत परामर्श समेत गरिएको थियो ।

सामुदायिक वन उपभोक्ता समूह बाहेक अन्य निकाय तथा व्यक्तिहरूसँग पनि परामर्श गरिएको थियो। खासगरी स्थानीय वन कर्मचारी, वन क्षेत्रसँग सम्बन्धित परियोजनाका स्थलगत कर्मचारी, गैर सरकारी सङ्घ संस्थाका पदाधिकारी, गाउँ विकास समितिका सचिव लगायत पूर्व जनप्रतिनिधिहरू, स्थानीय विद्यालयका शिक्षक, वन पैदावारमा आधारित व्यवसायीहरूसँग छलफल तथा परामर्श गरिएको थियो ।

**घ) जिल्ला स्तरमा परामर्श :** कार्यदलले समुदाय स्तरमा परामर्श गरेकै जिल्लाहरूमा जिल्ला स्तरीय वन क्षेत्रका बहुसरोकारवाला अन्तरसंवाद कार्यक्रमहरूको पनि आयोजना गरी आवश्यक सुझावहरू लिने प्रयास गरिएको थियो । यस्ता बहुसरोकारवाला छलफल तथा परामर्शका कार्यक्रमहरूमा जिल्ला वन कार्यालय, जिल्ला स्तरीय सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन), जिल्ला कफ्सन, जिल्ला हिमवन्ती, वन पैदावर व्यवसायी, पत्रकार, परियोजना, महिला विकास कार्यालय, जिल्ला विकास समिति, जिल्ला स्तरीय राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

**ङ) मार्गदर्शनको मस्यौदा तयारी :** यस चरणमा समुदाय र जिल्ला स्तरको परामर्श तथा छलफलबाट आएका विषयहरूलाई कार्यदलमा आदान प्रदान गरी यसैका आधारमा मस्यौदा लेखन गरिएको थियो ।

**च) मस्यौदा मार्गदर्शनमाथि क्षेत्रीय स्तरमा छलफल:** वन क्षेत्रका जिल्ला स्तरीय संरचनामा क्रियाशील प्रतिनिधिहरूको सहभागितामा चितवनमा दुई दिने मस्यौदा मार्गदर्शनमाथि छलफल तथा सुझाव सङ्कलन गोष्ठीको आयोजना गरिएको थियो। यस गोष्ठीमा मार्गदर्शनलाई सहयोगी सामग्रीको रूपमा प्रयोग गर्ने सामुदायिक वनमा सहजीकरण गर्नेहरूको सहभागिता रहेको थियो। यस कार्यक्रममा सरकारी, गैरसरकारी तथा परियोजनाका प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो ।

**छ) राष्ट्रिय स्तरमा छलफल :** क्षेत्रीय स्तरको सुझावलाई समायोजन गरी मस्यौदालाई थप परिस्कृत बनाइएको थियो । उक्त परिस्कृत मस्यौदा वन क्षेत्रका सरोकारवालाहरूले आफ्नो संरचनाभित्र समेत विभिन्न तहमा छलफल तथा परामर्श गर्ने काम भयो । त्यसैगरी राष्ट्रिय स्तरमा समेत वन क्षेत्रका बहुसरोकारवालाको सहभागितामा राष्ट्रिय गोष्ठी आयोजना गरी सुझाव तथा सल्लाहहरू लिने प्रयास गरियो। सो गोष्ठीमा मार्गदर्शनमा लेखिएका विषयहरूलाई दफावार छलफल गरी सुझाव दिने काम भएको थियो। उक्त राष्ट्रिय गोष्ठीबाट कार्यदलमा दुई जना प्रतिनिधिहरू थप गरिएको थियो ।

**ज) अन्तिम मस्यौदा तयारी :** कार्यदलले विभिन्न तहबाट प्राप्त सुझावहरूलाई समायोजन गरी अन्तिम मस्यौदा तयार गरेको थियो । यो मस्यौदा तयार गर्नका लागि मात्र कार्यदलको ३० वटाभन्दा बढी बैठकहरू बस्नु परेको थियो। मस्यौदाको अन्तिम रूप तयार गरे पश्चात तत्कालीन वन तथा भूसंरक्षण मन्त्री, तत्कालीन वन तथा भूसंरक्षण मन्त्रालयका सचिव तथा वन मन्त्रालय अन्तरगतका विभागीय प्रमुखहरू सम्मिलित छलफल कार्यक्रममा प्रस्तुत गरिएको थियो । उहाँहरूको सुझावलाई समेत समेटेर मार्गदर्शनको अन्तिम रूप तयार गरियो ।

सामुदायिक वन चौथो राष्ट्रिय गोष्ठीको सुझावलाई सम्बोधन गर्न मार्गदर्शन परिमार्जनको काम सुरुआत गरिए पनि उक्त कामको प्रक्रिया लम्बिएर पाँचौ गोष्ठी पश्चात मात्र यसले आधिकारिकता पाएको थियो। यो दोस्रो परिमार्जित मार्गदर्शनले सामुदायिक वनको चौथो र पाँचौ दुवै राष्ट्रिय गोष्ठीबाट पारित घोषणा पत्रमा उल्लेख मार्गदर्शनमार्फत सम्बोधन गर्न सकिने विषयहरू समावेश गर्ने प्रयास गरेको छ।

## २.२ मार्गदर्शनका केही विशेषताहरू

यस मार्गदर्शनका केही प्रमुख विशेषताहरू रहेका छन्। खासगरी यो दस्तावेज वन क्षेत्रका सबै सरोकारवालाहरूको सहमतिको दस्तावेजको रूपमा स्वीकार गरिएको छ। त्यसैगरी यो परिमार्जन वन कर्मचारी वा सहजकर्ताका लागि मात्र नभई सबै सरोकारवालाहरूको लागि तयार गरिएको हो।

खासगरी उपभोक्ताहरूको सशक्तीकरणमा जोड दिई यसका लागि सामुदायिक वनको प्रक्रियामा केन्द्रित बनाउने प्रयास भएको छ । यस मार्गदर्शनले लैङ्गिक संवेदनशीलता तथा विपन्नमुखी कार्यक्रममा जोड दिई समावेशी सामुदायिक वनको अवधारणालाई विशेषताको रूपमा स्थापित गराउन खोजेको छ । यस मार्गदर्शनको महत्त्वपूर्ण एक विशेषता भनेको सामुदायिक वनका सरोकारवाला सबैको भूमिका किटानी हुनु हो ।

## २.३ मार्गदर्शनमा उल्लेख भएका समुदायमुखी प्रावधानहरू

यस मार्गदर्शनको दोस्रो परिमार्जनमा समुदायलाई थप जिम्मेवार बनाउने प्रावधानहरू समावेश भएका छन् । मार्गदर्शनमार्फत सामुदायिक वन अभियानलाई थप समावेशी, सुशासित, विपन्नमुखी र उद्यमशील बनाउने प्रयत्न भएको छ । मार्गदर्शनमा भएका केही प्रमुख प्रावधानहरू निम्नानुसार रहेका छन् ।

**(क) विपन्नमुखी प्रावधानहरू :** सामुदायिक वन अभियानलाई विपन्नमुखी बनाउनका लागि हरेक समूहले सम्पन्नता स्तरीकरण गरी विपन्न पहिचान गर्नुपर्ने र त्यस्ता विपन्नलाई वन समूहको कूल आम्दानीको कम्तीमा ३५ प्रतिशत रकम विनियोजन गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी पहिचान भएका विपन्नहरूलाई आयआर्जन वृद्धि गर्नका लागि सामुदायिक वनको जग्गामा कबुलियती गरी निश्चित वर्षका लागि दिने व्यवस्था गरी हरेक सामुदायिक वनले विपन्न उपभोक्ताहरूको जीविकोपार्जन योजना तयार गर्नमा सहयोग गर्नुपर्ने प्रावधान समेत रहेको छ ।

**(ख) सामाजिक समावेशीकरणसँग सम्बन्धित प्रावधानहरू :** यस मार्गदर्शनले समूहको विधानमा घरमूलीको नाम राख्दा महिला र पुरुष दुवैको नाम अनिवार्य राख्नुपर्ने, साधारण सभामा हरेक घरधुरीबाट एक एक जना वयष्क महिला र पुरुषको प्रतिनिधित्व हुनुपर्ने, कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला राखी अध्यक्ष र सचिवमध्ये एक जना महिला अनिवार्य रूपमा हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी खाता सञ्चालनमा एक जना महिला हुनुपर्ने र समिति समानुपातिक समावेशी हुनुपर्ने प्रावधानहरू समावेश गरेको छ ।

**(ग) न्यायोचित वितरण प्रणालीसँग सम्बन्धित प्रावधानहरू :** समूहका सदस्यहरूको घरायसी आवश्यकता पूरा गरी बढी भएको काठ, दाउरा नजिकको उपभोक्ता र सोही जिल्लाका टाढाका उपभोक्तालाई प्राथमिकताका साथ बिक्री गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी टाढाका उपभोक्ताको सवाल सम्बोधन गर्नका लागि विभिन्न विकल्पहरू उल्लेख गरेको छ ।

**(घ) सुशासनसँग सम्बन्धित प्रावधानहरू :** स्वीकृत कार्ययोजना अनुसार मात्र वन पैदावारहरू सङ्कलन तथा बिक्री वितरण गरिनुपर्ने, रू. २५,०००/– भन्दा कम आम्दानी हुने उपभोक्ता समूहको लेखापरीक्षण समूहले तोकेको व्यक्ति वा समितिबाट गरे पुग्ने, (तर २०७१ सालको संस्करणबाट रू.५०,०००/– कायम गरिएको छ), समूहले गरेका कामको कम्तीमा वर्षको एक पटक सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने, र सार्वजनिक लेखापरीक्षण गर्दा तथा विभिन्न निर्णय प्रक्रियाहरूमा समुदायका विपन्न, महिला, दलितलाई संलग्न गराउनुपर्ने जस्ता महत्त्वपूर्ण प्रावधानहरू यस मार्गदर्शनमा समावेश भएका छन् । त्यसैगरी साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार मात्र रकम खर्च गर्नुपर्ने, समिति फेरबदल हुँदा बरबुझारत गर्नुपर्ने, साधारण सभा भएको १५ दिनभित्र जिल्ला वन कार्यालयमा जानकारी गराउनु पर्ने जस्ता सुशासन सम्बन्धी प्रावधानहरू मार्गदर्शनमा उल्लेख गरिएको छ ।

**(ङ) जवाफदेहिता तथा जिम्मेवारीसँग सम्बन्धित प्रावधानहरू** : जिल्ला स्तरमा सामुदायिक वनको प्राथमिकीकरण गरी कमजोर सामुदायिक वनलाई सहज रूपमा वन कार्ययोजना निर्माण तथा परिमार्जनमा सहयोग पुऱ्याउन सक्ने व्यवस्था गरिएको छ । समूहले विधान पेश गरेको ३० दिन भित्र जिल्ला वन अधिकृतले उपभोक्ता समूह दर्ता गरी प्रमाणपत्र दिनु पर्दछ । यदि सो अवधिमा समूह दर्ता गर्न नसक्ने अवस्था भए सोको कारण स्पष्ट रूपमा खुलाई लिखित रूपमा सम्बन्धित उपभोक्ता समूहलाई जानकारी गराउनु पर्ने व्यवस्था रहेको छ। यस मार्गदर्शनमा इलाका वन कार्यालय र जिल्ला वन कार्यालयले कम्तीमा वर्षको एक पटक प्रत्येक सामुदायिक वन उपभोक्ता समूहको नियमित अनुगमन गरी राय सुझाव लिने दिने प्रक्रिया अपनाउनु पर्नेछ भन्ने व्यवस्था समेत रहेको छ। सामुदायिक

वन अभियानमा उपभोक्ताहरूको संलग्नतालाई प्रवर्धन गर्नका लागि वन पैदावार सङ्कलनको काम उपभोक्ता समूह आफैंले गर्नुपर्ने व्यवस्था राखिएको छ । सामुदायिक वनमा सेवा प्रदायक मानवीय स्रोतको अभावलाई पूरा गर्नका लागि वन समूहहरूले आफ्नै लगानी र सरोकारवालाको समन्वयमा समूहलाई आवश्यक पर्ने दक्ष जनशक्ति तथा स्रोत व्यक्ति (सहजकर्ता) तयार गरी परिचालन गर्न सक्ने कुरा यस मार्गदर्शनमा गरिएको छ ।

## २.४ समावेश हुन नसकेका विषयहरू

मार्गदर्शन परिमार्जनका सिलसिलामा समुदाय तथा सम्बन्धित व्यक्तिहरूले दिएका सुझावहरूमध्ये धेरै सुझावहरू समावेश गर्ने प्रयास गरिएको थियो। कतिपय सुझावका विषयहरूलाई सम्बोधन गर्नका लागि लामो समय बहस वा छलफल भएका थिए। विपन्न घरधुरीहरूका लागि छुट्याइएको ३५ प्रतिशत रकमको पनि प्राथमिकीकरण गरी विपन्न महिला, विपन्न दलितको लागि छुट्याउनु पर्ने मात्रा किटानी हुनुपर्ने सुझावहरू पनि आएका थिए । कतिपय सुझावहरू ऐन तथा नियमावलीमा समावेश गर्ने प्रकृतिका समेत थिए । जस्तै, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनका विषयहरू वातावरण संरक्षण ऐनसँग सम्बन्धित भएका विषयहरूलाई पनि मार्गदर्शनमा सम्बोधन गरिनुपर्छ भन्ने सुझाव आएका थिए । यस्ता सुझावहरू विशेष गरी समुदाय तहबाट वा वन समूहका प्रतिनिधिहरूबाट आएका थिए । वन समूहका अभियानलाई प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनका प्रावधानहरूले असजिलो बनाएको र उक्त असजिलो अवस्थाबाट समुदायले मुक्ति खोजिरहेको कुरा स्पष्ट रूपमा उठान भएका थिए । तर सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन विद्यमान वन ऐन तथा नियमावलीले निर्दिष्ट गरेका विभिन्न वन व्यवस्थापनका पद्धतिमध्ये सामुदायिक वन अभियानलाई प्रवर्धन गर्न सजिलो बनाउने दस्तावेज मात्र भएको र यसले कानूनी हैसियत लिन नसक्ने हुनाले त्यस्ता सुझावहरू समेटिन सकेका छैनन् ।

समुदायबाट आएका सुझावहरूका आधारमा राखिएका केही प्रावधानहरू राष्ट्रिय गोष्ठीहरूमा छलफल हुँदा हटाउनु पर्ने आवाज पनि उठेका थिए । खासगरी जिल्ला वन कार्यालयमा विधान वा कार्ययोजना बनाएर पेश गरेपछि स्वीकृत गरिनुपर्ने र स्वीकृत हुन नसक्ने अवस्था भएमा ३० दिनभित्र लिखित जानकारी समूहलाई दिनुपर्ने व्यवस्था हटाउनुपर्ने जस्ता विषयमा छलफल भएका थिए । यसरी ३० दिनको बाध्यात्मक व्यवस्था व्यवहारिक हुन नसक्ने हो कि भन्ने चिन्ता सरकारी संरचनामा कार्यरत कर्मचारीहरूबाट आएको थियो । तर त्यस्ता सुझावहरू समुदायबाट आएकाले हटाउन नहुने तर्कमा सवैको सहमति भएको थियो ।

## २.५ मार्गदर्शन कार्यान्वयन गराउनका लागि गरिएको पहल

लामो समय लगाएर तयार गरिएको दोस्रो परिमार्जित मार्गदर्शन कार्यान्वयनमा ल्याउनु उत्तिकै चुनौतीपूर्ण थियो । त्यसका लागि क्षेत्रीय स्तरमा प्रशिक्षकहरूका लागि प्रशिक्षण कार्यक्रम आयोजना गरेर जिल्ला स्तर हुँदै समुदाय स्तरमा यसका बारेमा जानकारी प्रवाह गरी कार्यान्वयनमा सहजता ल्याउने प्रयास गरिएको थियो । कार्यदलकै अगुवाईमा पाँच वटै विकास क्षेत्रमा मार्गदर्शनको प्रशिक्षकहरूका लागि प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो । त्यस प्रशिक्षणमा मार्गदर्शन तयारी कार्यदलका सदस्यहरूले सहजीकरण गर्नु भएको थियो । यसमा हरेक जिल्लावाट प्रतिनिधिमूलक सहभागिता रहेको थियो। जिल्ला वन कार्यालय, फेकोफन, कफ्सन, अन्य सामाजिक सङ्घसंस्थाहरूबाट समेत प्रतिनिधि हुने व्यवस्था मिलाइएको थियो । ती सहभागीहरूले आफ्नो जिल्लामा प्रशिक्षकहरूलाई प्रशिक्षण गराउने कार्यक्रम निर्धारण गरिएको थियो । त्यसैगरी हरेक समूहमा मार्गदर्शन पुस्तक पुऱ्याउने प्रयास भएको थियो। यसका लागि वन विभाग अन्तरगतको संरचना र फेकोफनको संरचना प्रयोग गरिएको थियो । कतिपय जिल्लाहरूमा वनमा क्रियाशील परियोजनाहरूले समेत सहयोग पुऱ्याएका थिए ।

वन क्षेत्रमा क्रियाशील परियोजना तथा नागरिक सङ्गठनहरूले मार्गदर्शन कार्यान्वयमा आधारित विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका थिए। यो क्रम अहिले पनि चलिरहेको छ। आरआरआईको[५] सहयोगमा कफ्सन नेपालले सन् २०१२ मा बाँके,

५ Rights to Resources Initiatives (RRI)

वर्दिया, कैलाली, कञ्चनपुर र सर्लाहीमा सामुदायिक वनमा जनपरिचालन कार्यक्रम सञ्चालन गरेको थियो । यस कार्यक्रम मार्गदर्शनलाई समुदाय स्तरमा कसरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ भन्ने कुरा प्रमुख विषय रहेको थियो । त्यसैगरी बाँके र बर्दियाका १०४ वटा सामुदायिक वन उपभोक्ता समूहहरूमा मार्गदर्शनको प्रभावकारी कार्यान्वयनका लागि हरियो वन कार्यक्रमसँगको साझेदारीमा विशेष कार्यक्रम सञ्चालन गरिएको थियो । मार्गदर्शनमा भएका प्रमुख बुँदाहरू समेटेर प्रचार सामग्री तथा फ्लेक्स प्रिन्टहरू वन समूहको कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला फेकोफनको कार्यलयहरूमा समेत टाँस गरी मार्गदर्शनका प्रमुख विषयहरूलाई सार्वजनिकीकरण गरिएको थियो ।

क्षेत्रीय वन तालिम केन्द्रले समुदाय स्तरमा सेवा प्रवाह गर्ने रेन्जर तथा वन रक्षकहरूलाई अभिमुखीकरण तालिमको आयोजना गरेको थियो। जिल्ला वन कार्यालयहरूबाट समेत हरेक जिल्लामा यसको प्रचार प्रसारमा जोड दिइएको थियो ।

वन क्षेत्रमा क्रियाशील सहजकर्ताहरूले समेत यो मार्गदर्शन कार्यान्वयनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका थिए। यसका लागि वन क्षेत्रमा क्रियाशील विभिन्न सङ्घ संस्था तथा परियोजनाहरूले प्रयास गरेका थिए ।

वन क्षेत्रसँग सम्बन्धित जिल्ला तथा समुदाय तहका विभिन्न कार्यक्रम वा आमसभाहरूमा समेत मार्गदर्शनका प्रमुख प्रावधानहरू जानकारी गराउने कार्यहरू अभियानकै रूपमा सञ्चालन गरिएको थियो । यसमा फेकोफनका प्रतिनिधिहरू, जिल्ला वन कार्यालयका स्थानीय सेवा प्रदायक कर्मचारी, अभियानकर्मी तथा सहजकर्ताहरूको भूमिका प्रभावकारी रहेको थियो ।

## ३. मार्गदर्शन परिमार्जन प्रक्रियाको सबल तथा दुर्बल पक्षहरू

### ३.१ सबल पक्षहरू

सामुदायिक वन अभियानमा यो मार्गदर्शनले केही खास छापहरू छोड्न सफल भएको छ । तीमध्ये प्रमुख विषयहरूको तल चर्चा गरिएको छ ।

**क) सहमतिको दस्तावेज** : यस मार्गदर्शनलाई सामुदायिक वन समूहहरूलाई समावेशी, पारदर्शी र जिम्मेवार बनाउन मद्दत पुर्‍याउने दस्तावेजको रूपमा स्वीकार गरिएको छ। यसप्रति कुनै निकायले पनि असहमति जाहेर गरेका छैनन्। यसले वन क्षेत्रका अधिकारवाला तथा सरोकारवालाहरूका बीच सहमति कायम गर्ने दस्तावेजको रूपमा स्थान पाएको छ।

**ख) अनुकरणीय दस्तावेज :** स्थानीय वन समूहहरूले मार्गदर्शनमा उल्लेख भए अनुसार आफ्नो वन समूहहरूको विधान परिमार्जन गरी आफ्ना समूहहरूमा सामाजिक समावेशीकरण लगायत सुशासनका अन्य विषयहरूको सम्बोधन गर्ने प्रयास गर्न थालेका छन्। त्यसैगरी कार्ययोजनामा समावेश हुनुपर्ने विषयहरूलाई पनि धेरै सामुदायिक वन समुहहरूले सम्बोधन गर्ने प्रयास गरेका छन् । यस मार्गदर्शन कार्यान्वयनका लागि भएका पहलहरू अन्य प्रकारको वन व्यवस्थापनका अभ्यासहरूमा समेत अनुकरणीय भएको छ। सामुदायिक वनको प्रतिनिधिमूलक संस्था फेकोफनको संरचनामा वैधानिक परिवर्तन गर्नका लागि समेत सहयोग पुगेको छ । उदाहरणका रूपमा वि. सं. २०६६ सालमा भएको विशेष महाधिवेशनवाट अध्यक्ष र महासचिवमध्ये एकजना महिला नै हुनुपर्ने व्यवस्था फेकोफनको विधानमा उल्लेख गरिएको छ ।

**ग) विपन्नमुखी कार्यक्रममा कोशेढुङ्गा** : यस मार्गदर्शनका माध्यमबाट वन समूहहरूमा गरिबमुखी कार्यक्रमको सुरुआत भएको छ । धेरै सामुदायिक वन समूहहरूले समुदायका विपन्नहरूका लागि वन क्षेत्र छुट्याउने कामको सुरुआत गर्न थालेका छन् । त्यसैगरी समूहको कोषको ३५ प्रतिशत रकम विपन्नमुखी कार्यक्रमको लागि खर्च गर्ने भन्ने कुरा साधारण सभाबाट निर्णय गरी अभ्यासमा नै लागू गर्ने कामको थालनी थुप्रै वन समूहहरूले गर्न थालेका छन् ।

**घ) मूलप्रवाहीकरणमा योगदान** : यस मार्गदर्शनले समुदायका महिला सदस्यहरूलाई वन समूहका विभिन्न क्रियाकलापहरूको मूलप्रवाहीकरणमा ल्याउने काममा प्रभावकारी भूमिका निर्वाह गरेको छ। यो मार्गदर्शनको प्रभाव अन्य क्षेत्रमा समेत परेको छ।

खासगरी प्राकृतिक स्रोतमा आधारित सामुदायिक संस्थाहरू जस्तै खानेपानी, सिचाईं समूह, बचत समूहहरूमा यस दस्तावेजबाट भएको सिकाइ प्रचार/प्रसार हुन थालेको छ ।

**ङ) सामुदायिक वनको प्रक्रियामा जोड** : सामुदायिक वनको विधान तथा कार्ययोजना निर्माणको प्रक्रियामा यस दस्तावेजमा उल्लेख भएका विषयहरूको समावेशीकरणको काम सुरुआत हुन थालेको छ। सरकारी संरचनाबाट पनि सामुदायिक वनको प्रक्रिया पुगे नपुगेको कुरा अनुगमन हुने परिपाटीको विकास हुन थालेको छ। मार्गदर्शनका कतिपय व्यवस्थाहरूले उपभोक्ताहरूको सशक्तीकरणमा मद्दत पुगेको छ। साथै आफ्नो अधिकार लिनका लागि विपन्नहरूको भूमिका प्रभावकारी हुन थालेको छ।

**च) द्वन्द्व न्यूनीकरण** : मार्गदर्शनले निर्धारण गरेको प्रक्रिया अवलम्बन गरिँदा वन समूहहरूको संस्थागत विकासमा समेत योगदान पुगेको छ। समूहको बैठक तथा भेलामा लोकतान्त्रिक परिपाटीबाट छलफल गर्ने अभ्यासको विकासमा यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। त्यसैगरी समावेशी प्रतिनिधित्वको अवधारणाले व्यवहारिक रूप लिन थालेको देखिन्छ। परिणामस्वरूप वन समूहहरूको आन्तरिक द्वन्द्वमा समेत न्यूनीकरण हुन थालेको छ।

**छ) संस्थागत संरचना, सम्बन्ध र मानसिकतामा रूपान्तरणको सङ्केत** : यस मार्गदर्शनका माध्यमबाट वन समूह तथा समग्र वन क्षेत्रको संरचनाहरूमा रूपान्तरण देखिन थालेको छ। सामुदायिक वनहरू समुदायका गरिब तथा विपन्नहरूको हो भन्ने सोचको विकास हुन थालेको छ। मार्गदर्शन निर्माण प्रक्रियादेखि कार्यान्वयनसम्म आउँदा वन क्षेत्रका सरकारी, गैरसरकारी एवम् सामुदायिक संस्थाहरूका बीच संस्थागत सम्बन्ध तथा सहकार्यको विकासमा मद्दत पुगेको छ। यसका अलावा, यस मार्गदर्शनमा उल्लेख भएका प्रावधानहरू कार्यान्वयनमा ल्याउँदा वन क्षेत्रका सबै अधिकारवाला तथा सरोकारवाला सङ्घ संस्थाहरूको सहअस्तित्वमा आधारित सहकार्यको दायरा फराकिलो हुने सम्भावना देखिन्छ।

**ज) सरोकारवालाहरूको भूमिका किटानी भएको :** यो मार्गदर्शनको परिच्छेद ७ मा वन क्षेत्रका विभिन्न निकाय तथा सरोकारवालाहरू (खासगरी सामुदायिक वनसँग सम्बन्धित) को भूमिकाको किटानी गरिएको छ। उक्त प्रावधानले सामुदायिक वनको प्रवर्धन तथा विकासमा सहयोग पुगेको छ। त्यसैगरी यसै परिच्छेदमा सहजकर्ताहरूको भूमिका समेत पहिचान भएको छ। सामुदायिक वनले आफ्नो स्रोतले सहजकर्ता परिचालन गर्न पाउने कुराको व्यवस्था भएकोले सामुदायिक वनको संस्थागत विकास तथा सुशासनको सुधारमा समेत टेवा पुगेको छ। सामुदायिक वनको सार्वजनिक सुनुवाइ तथा जनलेखापरीक्षणमा सहजकर्ताहरूको भूमिका महत्त्वपूर्ण हुन थालेको छ। त्यसैगरी सामुदायिक वन उपभोक्ता समूहहरूले सहजकर्ता परिचालन गरी विधान तथा कार्ययोजना बनाउँदा उल्लेख गरिएको प्रक्रियामा केन्द्रित भई क्रियाकलापहरू सञ्चालन गर्दा वन समूहहरूले सहज रूपमा सेवा पाउने अवस्था समेत सिर्जना भएको छ।

## ३.२ समेट्न नसकेका पक्षहरू

सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शनको दोस्रो परिमार्जनपछि थुप्रै राम्रा कुराहरूको व्यवस्था भए पनि यसले केही विषयवस्तुहरूलाई भने अझै पनि समेट्न सकेको छैन। समेट्न नसकेको एक प्रमुख विषय भनेको सामुदायिक वनको प्रक्रियाहरूमा वन उद्यम विकासको सम्भावानाको विषय प्रभावकारी रूपमा आउन सकेको छैन। सामुदायिक वनको गठन वा परिमार्जन गर्दा उद्यम विकासको अनिवार्य प्रक्रिया राख्न आवश्यक देखिन्छ। जस्का माध्यमबाट वन समूहका उपभोक्ताहरूको आर्थिक समृद्धिमा योगदान पुग्न सक्दछ। वन उद्यमहरूको सम्भावना र त्यसको स्थापनाको प्रक्रियाहरूका बारेमा व्यवस्था नहुँदा हालसम्म हुन नसकेको कुरा अझै पनि नहुने पक्का देखिन्छ। यसले गर्दा वन समूहहरूले वन उद्यमको स्थापना र सञ्चालन नै गर्न नसक्ने हो त भन्ने प्रश्नलाई प्रश्नकै रूपमा छाडेको छ।

त्यसैगरी यो मार्गदर्शन वन समूहको घरधुरीहरूसम्म पुगेको छ तर व्यक्तिगत घरधुरीहरूभित्र पस्न सकेको

देखिँदैन । सम्पन्नता स्तरीकरण गर्दा घरधुरीलाई आधार मानिन्छ तर घरभित्रको पनि महिला वा अपाङ्गहरूको सशक्तीकरणका लागि खास योजनाको कल्पना गरेको छैन । घरमा पुगेपछि घरभित्र रहेका कमजोर व्यक्तिमा पुगिहाल्छ नि भन्ने मानसिकतामा अडिएको देखिन्छ । सामुदायिक वनको अभियान अब घरभित्रको शक्ति सन्तुलनमा केन्द्रित हुन आवश्यक छ ।

## ४. निश्कर्ष

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन आफैंमा कानूनी दस्तावेज नभए पनि यो वन क्षेत्रका अधिकारवाला तथा सरोकारवालाहरूको सहमतिको दस्तावेज हो । यसको कार्यान्वयन सबै सरोकारवालाहरूको सहयोग तथा सहकार्यबाट मात्रै सम्भव हुन्छ । यो दस्तावेजप्रति सबै सरोकारवालाहरूमा अपनत्वको भावना हुनु जरुरी छ । यो दस्तावेजमा उल्लेख भएका विषयवस्तुका साथै यस दस्तावेज तयार गर्दा अपनाइएका प्रक्रिया त्यतिकै अनुकरणीय रहेको छ ।

तर मार्गदर्शनमा समावेश भएको विषय वा प्रावधानलाई मात्र विश्लेषण गर्नुभन्दा यो सामुदायिक वनको परिवेश तथा परिवर्तनसँगसँगै परिमार्जन पनि गरिँदै लानु जरुरी छ । यसको अर्थ यस मार्गदर्शनमा भएका प्रावधानहरू पूर्ण चाहिँ अवश्य नै छैन । यद्यपि, यस मार्गदर्शनमा उल्लेख गरिएका प्रावधानहरूलाई नीतिगत दस्तावेजको रूपमा व्यवस्था गर्न सकिएमा व्यावहारिक परिवर्तनहरू हुने कुरामा दुई मत छैन ।

यो मार्गदर्शनले सामुदायिक वन समूहहरूलाई सुशासित बनाउन सहयोग गरेको छ । खासगरी महिला तथा कमजोर वर्गको नेतृत्व विकासमा, वनमा आश्रित गरिब तथा विपन्न वर्गको समूहको कोषमा पहुँच जस्ता अनिवार्य व्यवस्थाले सामुदायिक वनको गतिलाई अझ उँचो बनाएको छ । यो दस्तावेजले सामुदायिक वनको अभियानलाई थप प्रभावकारी बनाउनका लागि अन्य नीतिगत पहलहरूका लागि मार्ग प्रशस्त गरेको छ । त्यसैगरी यसले वन क्षेत्रका सरकारी निकाय र नागरिक समाजका बीच सम्बन्ध विकास, सहयोग, सहकार्य तथा शक्ति सन्तुलनमा समेत योगदान पुऱ्याएको छ । मार्गदर्शन आफैंमा कार्यान्वयनमा आउने दस्तावेज होइन । यो त सहयोगी सामग्री मात्र हो । यसका आधारमा सबै सरोकारवालाहरू परिचलान हुन सकेमा मात्र यो दस्तावेज सफलताको एक बाहक बन्न सक्दछ ।

## सन्दर्भ सामग्रीहरू


**कफ्सन नेपाल** । २०७१ । वन अभियान सँगालो २०७१ । कफ्सन नेपाल, काठमाडौं ।

**नेपाल सरकार** । २०४९ । वन ऐन २०४९ । नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।

**नेपाल सरकार** । २०५१ । वन नियमावली २०५१ । नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।

**वन विभाग, सामुदायिक वन महाशाखा** । २०६५ । सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०६५ । नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।